# नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व)
प्रशासन निर्देशनालय
सामान्य सेवा विभाग

फोन नं.- ४१५३०२४
४१५३१६७


प.स. ०८२/०८३
च.नं. २०८

मिति : २०८२/१२/१८

श्री उत्पादन निर्देशनालय, ने.वि.प्रा. ।

श्री प्रशारण निर्देशनालय, ने.वि.प्रा. ।

श्री वितरण तथा ग्राहक सेवा निर्देशनालय, ने.वि.प्रा. ।

श्री इन्जिनियरिङ्ग सेवा निर्देशनालय, ने.वि.प्रा. ।

श्री अर्थ निर्देशनालय, ने.वि.प्रा. ।

श्री प्रशासन निर्देशनालय, ने.वि.प्रा. ।

श्री योजना अनुगमन तथा सूचना प्रविधि निर्देशनालय, ने.वि.प्रा. ।

श्री आयोजना व्यवस्थापन निर्देशनालय, ने.वि.प्रा. ।

श्री व्यवसाय विकास निर्देशनालय, ने.वि.प्रा.।

श्री कार्यकारी निर्देशकको सचिवालय, ने.वि.प्रा. ।

श्री उर्जा दक्षता तथा चुहावट नियन्त्रण विभाग, ने.वि.प्रा. ।

श्री आन्तरिक लेखा परीक्षण विभाग, ने.वि.प्रा. ।

**विषय : परिपत्र सम्बन्धमा ।**

प्रस्तुत विषयमा वि.स. २०८३ वैशाख १ गतेदेखि वि.स. २०८३ चैत मसान्तसम्म दिइने सबै प्रकारका सार्वजनिक बिदा, कार्यालय समय र हाजिरी सम्बन्धमा मिति २०८२/१२/१६ को कार्यकारी निर्देशक स्तरीय निर्णयबाट नेपाल विद्युत प्राधिकरणका देशभरका सबै कार्यालयमा लागू हुने गरी स्वीकृत भएकाले उक्त विवरण यसै पत्र साथ संलग्न राखी आवश्यक कार्यार्थ पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

२०८२/१२/१८

(ध्रुवराज प्रसाई)
प्रशासकीय अधिकृत

**बोधार्थ :**

श्री सूचना प्रविधि विभाग, ने.वि.प्रा.(ने.वि.प्रा. को Web Site मा राखिदिनु हुन)

# नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व)

## (टिप्पणी र आदेश)

**विषय:-** विं.सं. २०८३ सालको सार्वजनिक बिदा सम्बन्धमा।

मिति : २०८२/१२/०८

श्री महाशाखा प्रमुखज्यू,
सामान्य प्रशासन महाशाखा।

उपरोक्त सम्बन्धमा नेपाल विद्युत प्राधिकरण कर्मचारी सेवा, शर्त विनियमावली, २०७५ (संशोधन सहित)को विनियम ७३ मा "प्राधिकरणका कर्मचारीले नेपाल सरकारले निर्धारण गरे बमोजिमको सार्वजनिक बिदा पाउनेछन्" भन्ने व्यवस्था रहेको छ । २०८३ साल वैशाख १ गतेदेखि २०८३ चैत मसान्तसम्म एक वर्ष भरीमा सबै सरकारी कार्यालय तथा सार्वजनिक निकायका लागि सार्वजनिक बिदा एवं कार्यालय समय निर्धारण सम्बन्धी नेपाल सरकार, गृह मन्त्रालयले मिति २०८२/११/१८ गतेको राजपत्रमा प्रकाशित सूचना अनुसार नेपाल विद्युत प्राधिकरणमा कार्यरत कर्मचारीहरुलाई २०८३ वैशाख १ गतेदेखि २०८३ चैत मसान्तसम्म देहाय बमोजिम सार्वजनिक बिदा दिन आवश्यक भएकोले श्री कार्यकारी निर्देशकज्यूबाट स्वीकृतिका लागि सिफारिस साथ पेश गरेको छु।

**नेपाल विद्युत प्राधिकरणका, नेपाल भरमा रहेका कार्यालयहरुमा वि.सं.२०८३ सालमा दिईने सार्वजनिक बिदाहरु :-**

१. **वर्षभरिका शनिबार बिदा**

क) वैशाख- ५, १२, १९, २६ (४ दिन)
ख) जेठ- २, ९, १६, २३, ३० (५ दिन)
ग) असार- ६, १३, २०, २७ (४ दिन)
घ) साउन- २, ९, १६, २३, ३० (५ दिन)
ङ) भदौ- ६, १३, २०, २७ (४ दिन)
च) असोज- ३, १०, १७, २४, ३१ (४दिन)
छ) कात्तिक- ७, १४, २१, २८, (४ दिन)
ज) मङ्सिर- ५, १२, १९, २६ (४ दिन)
झ) पुस- ४, ११, १८, २५ (४ दिन)
ञ) माघ- २, ९, १६, २३ (४ दिन)
ट) फागुन- १, ८, १५, २२, २९ (५ दिन)
ठ) चैत- ६, १३, २०, २७ (४ दिन)

२.**पर्व बिदाहरु:-**

२.१ मुलुक भरी सार्वजनिक बिदा हुने पर्वहरु :

क) नव वर्ष - वैशाख १ गते मंगलबार।

ख) चण्डी पूर्णिमा (वैशाख पूर्णिमा), बुद्ध जयन्ती, राई, लिम्बू, याक्खा, सुनुवार लगायतका किराँतसमुदायको उभौली पर्व - वैशाख १८ गते शुक्रबार।

ग) रक्षाबन्धन- भदौ १२ गते शुक्रबार।

घ) श्रीकृष्ण जन्माष्टमी -भदौ १९ गते शुक्रबार।

# नेपाल विद्युत प्राधिकरण
(नेपाल सरकारको स्वामित्व)
## (टिप्पणी र आदेश)
विषय:-

ङ) घटस्थापना असोज २५ गते आइतबार ।

च) दशैं बिदा-असोज ३१ गते शनिबार देखि कार्तिक ६ गते शुक्रबार सम्म (फूलपातीदेखि द्वादशीसम्म) ।

छ) तिहार बिदा - कात्तिक २२ गते आइतबारदेखि कात्तिक २६ गते बिहिबारसम्म । (लक्ष्मीपूजादेखि भाइटिकाको भोलिपल्टसम्म)

ज) छठ पर्व- कात्तिक २९ गते आइतबार ।

झ) धान्य पूर्णिमा, किराँत समुदायकोको उधौली पर्व, योमरी पुन्हि (ज्यापू दिवस) पौष ९ गते बिहिबार ।

ञ) इसाई धर्मावलम्बीहरुको पर्व क्रिसमस डे (डिसेम्बर २५ तारिख)- पुस १० गते शुक्रबार ।

ट) तमू ल्होछार- पुस १५ गते बुधबार ।

ठ) माघी पर्व/माघे संक्रान्ति -माघ १ गते शुक्रबार

ड) सोनम ल्होछार- माघ २४ गते आइतबार ।

ढ) महाशिवरात्री-फागुन २२ गते शनिबार ।

ण) ग्याल्पो ल्होछार फागुन २५ गते मंगलबार ।

त) इस्लाम धर्मावलम्बीहरुको पर्व ईद (ईद उल फित्र) का दिन ।

थ) इस्लाम धर्मावलम्बीहरुको पर्व बकर ईद (ईद उल अजहा) का दिन ।

द) फागुपूर्णिमा- हिमाली र पहाडी जिल्ला लगायतका ५६ जिल्लाहरुमा चैत्र ७ गते आइतबार र देहायका तराई जिल्लाहरुमा चैत्र ८ गते सोमबार ।

(झापा, मोरङ्ग, सुनसरी, सप्तरी, सिरहा, उदयपुर, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, नवलपरासी(बर्दघाट सुस्ता पूर्व), नवलपरासी(बर्दघाट सुस्ता पश्चिम), रुपन्देही, कपिलबस्तु, दाङ, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर )

**२.२ सम्बन्धित धर्म, संस्कृति, भौगोलिक क्षेत्र र स्थान विशेषका लागि मात्र सार्वजनिक बिदा हुने पर्वहरु:**

क) गाई जात्रा - भदौ १३ गते शनिबार (देशभरका नेवार समुदायका लागि मात्र) ।

ख) गौरा पर्व - भदौ १९ गते शुक्रबार ।

ग) सिरुवा पावनीको दिन (सो पर्व मनाउने झापा, मोरङ्ग, सुनसरी, सिरहा, र सप्तरी जिल्लाहरुमा)

घ) दुरा म्हैप्रु नकुमा - पुस १५ गते बुधबार (देशभरका दुरा समुदायका लागि मात्र)

# नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व)

## (टिप्पणी र आदेश)

विषय:-

३. महिला कर्मचारीहरुको लागि मात्र हुने बिदा

क) हरितालिका(तीज) ब्रत- भदौ २९ गते सोमबार ।

ख) जितिया पर्व- असोज १८ गते आइतबार (जितिया पर्व मनाउने महिला कर्मचारीहरुको लागि मात्र)

४) जात्रा बिदा (काठमाण्डौ उपत्यकालाई मात्र)

क) गाईजात्रा- भदौ १३ गते शनिबार ।

ख) इन्द्रजात्रा- असोज ९ गते शुक्रबार ।

ग) मत्स्येन्द्रनाथको भोटो देखाउने जात्रा (सो जात्रा हुने दिन) ।

घ) घोडेजात्रा- चैत २३ गते मंगलबार ।

५) दिवस बिदा

५.१ मुलुकभरी सवैलाई हुने सार्वजनिक विदाहरु :

क) विश्व मजदुर दिवस (मे १) - वैशाख १८ गते शुक्रवार ।

ख).गणतन्त्र दिवस - जेठ १५ गते शुक्रबार ।

ग) संविधान दिवस (राष्ट्रिय दिवस) - असोज ३ गते शनिबार ।

घ) सहिद दिवस - माघ १६ गते शनिबार ।

ङ) राष्ट्रिय प्रजातन्त्र दिवस - फागुन ७ गते शुक्रबार ।

च) अन्तर्राष्ट्रिय महिला दिवस (मार्च ८) - फागुन २४ गते सोमबार ।

५.२ अपाङ्गता भएका कर्मचारीहरुको लागि मात्र :

क) अन्तर्राष्ट्रिय अपाङ्गता दिवस (डिसेम्बर ३)-मंसिर १७ गते बिहिबार (अपाङ्गता भएका नेपाल भित्रका सम्पूर्ण कर्मचारीहरुको लागि मात्र) ।

६) जन्म जयन्ती बिदा

६.१ मुलुकभरि सवैलाई हुने सार्वजनिक जयन्ती बिदा :

क) वुद्ध जयन्ती- वैशाख १८ गते शुक्रबार ।

ख) पृथ्वी जयन्ती(राष्ट्रिय एकता दिवस)-पुस २७ गते सोमबार ।

# नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व)

## (टिप्पणी र आदेश)

विषय :-

६.२ सम्बन्धित धर्मावलम्बीहरुका लागि मात्र :

क) फाल्गुनन्द जयन्ती- कात्तिक २५ गते बुधबार (किराँत धर्मावलम्बीहरुका लागि )।

ख) मोहम्मद जयन्तीका दिन (नेपाली मुस्लिम धर्मावलम्बीहरुका लागि)।

ग) गुरु नानक जयन्तीका दिन(नेपाली सिख धर्मावलम्वीहरुका लागि)।

७) <u>राष्ट्रिय रुपमा मनाइने तर कार्यालय खुल्ने प्रकृतिका दिवसहरु</u>

क) जातीय भेदभाव तथा छुवाछुत उन्मुलन राष्ट्रिय दिवस - जेठ २१ गते बिहिबार।

ख) जेन्जी सहिद दिवस भदौ २३ गते मंगलबार।

८) <u>सार्वजनिक सेवा प्रवाह सम्बन्धी विशेष व्यवस्था</u>

८.१ माथि उल्लेखित उभौली पर्व, चण्डी पूर्णिमा (वैशाख पूर्णिमा), रक्षाबन्धन, श्रीकृष्ण जन्माष्टमी, घटस्थापना, धान्य पूर्णिमा, उधौली पर्व, योमरी पुन्हि(ज्यापू दिवस ), क्रिसमस डे, तमू ल्होछार, माघी पर्व/माघे संक्रान्ति, सोनम ल्होछार, महाशिवरात्री, ग्याल्पो ल्होछार, ईद(ईद उल फित्र), बकर ईद (ईद उल अजहा), गाई जात्रा, इन्द्र जात्रा, मत्स्येन्द्रनाथको भोटो देखाउने जात्रा र घोडे जात्रा बिदा, गणतन्त्र दिवस, सहिद दिवस, राष्ट्रिय प्रजातन्त्र दिवस, अन्तर्राष्ट्रिय महिला दिवस र जन्मजयन्ती बिदा अन्तर्गतका बुद्ध जयन्ती र पृथ्वी जयन्ती (राष्ट्रिय एकता दिवस) बिदाका दिनमा नेपाल विद्युत प्राधिकरणले राजपत्रमा उल्लेख भए बमोजिम प्रबन्ध मिलाउनु पर्नेछ।

**८.२ प्रकरण ८ बमोजिम सेवा प्रवाह गर्न खटिने कर्मचारीले त्यसरी खटिए वापत सट्टा बिदा पाउनेछन्।**

९) <u>कार्यालय समय</u>

क) नेपाल राज्यभरका नेपाल विद्युत प्राधिकरणका सबै कार्यालयहरुमा वैशाख १ गतेदेखि कात्तिक १५ गतेसम्म तथा माघ १६ गतेदेखि चैत मसान्तसम्म विहान १०:०० बजेदेखि अपरान्ह ५:०० बजेसम्म र कात्तिक १६ गतेदेखि माघ १५ गतेसम्म विहान १०:०० बजेदेखि अपरान्ह ४:०० बजेसम्म हुने।

ख) शुक्रबारको हकमा विहान १०:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म हुने।

द्रष्टव्यः-

क) "आधा दिन" भन्नाले कात्तिक १६ गतेदेखि माघ १५ गतेसम्म तीन महिनाको लागि दिनको १:०० बजे र माघ १६ गतेदेखि कात्तिक १५ गतेसम्म दिनको १:३० बजेसम्म सम्झनु पर्दछ।

# नेपाल विद्युत प्राधिकरण

**(नेपाल सरकारको स्वामित्व)**

## (टिप्पणी र आदेश)

**विषय :-**

ख) खाजा समयः  दिउँसो १:३० देखि २:०० बजे सम्म कार्यालयको सेवा प्रवाहमा बाधा नपर्ने गरी आलो पालो मिलाई सम्बन्धित कार्यालयले आधा घण्टाको समय तोक्न सक्ने ।

ग) नेपाल विद्युत प्राधिकरणको वार्षिकोत्सव-भाद्र १ गते सोमबार र बिश्वकर्मा पूजा-आश्विन १ गते बिहिबारका दिन एक समय हाजिरी गरेकोलाई पूरा समय मानिने छ ।

घ) प्रदेश सरकारले घोषणा गरेका सार्वजनिक बिदाहरुमा सम्बन्धित प्रदेशमा रहेका विद्युत प्राधिकरणका कार्यालयमा मात्र बिदा हुनेछ तर काठमाडौ उपत्यकाको तीन जिल्लाको  हकमा नेपाल सरकार गृह मन्त्रालयको निर्णय बमोजिम हुनेछ ।

ङ) नेपाल सरकारले आकस्मिक रुपमा बिदाको घोषणा गरे नेपाल विद्युत प्राधिकरणको अति आवश्यक कार्य हुने नोलाईट, इर्मजेन्सी, विद्युत गृह, सवस्टेशन आदिको कार्य यथावत् संचालन हुने गरि नेपाल भरिका ने.वि.प्रा. कार्यालयहरुमा बिदा हुने  ।

(हस्ताक्षर)
..............................
(ध्रुवराज प्रसाई)
प्रशासकीय अधिकृत

श्री उपकार्यकारी निर्देशक ज्यू,

नेपाल सरकारले वि.सं. २०८३ साल वैशाख १ गते देखि २०८३ साल चैत्र मसान्तसम्म एक वर्षको लागी सबै सरकारी कार्यालय तथा सार्वजनिक निकायको लागी सार्वजनिक बिदा लगायत अन्य बिदा र कार्यालय समय निर्धारण गरेको गृह मन्त्रालयद्वारा जारी गरेको मिति २०८२/११/१८ को राजपत्र को सूचना यसैसाथ संलग्न रहेको छ।

उक्त राजपत्रमा प्रकाशित सूचनाको आधारमा माथि पेश गरे बमोजिम २०८३ सालमा दिइने बिदाहरु र कार्यालय समय ने.वि.प्रा. अन्तर्गतका कार्यालयहरुमा लागु हुन तथा नेपाल विद्युत प्राधिकरणको वार्षिकोत्सव एवं विश्वकर्मा पूजाको दिन १पटक मात्र पर्ने विद्युतीय हाजिर गर्न सकिने, प्रदेश सरकारले घोषणा गरेका सार्वजनिक बिदा सोहि प्रदेशमा रहेका प्राधिकरणका कार्यालयमा मात्र लागु हुने तर उपत्यकाको हकमा गृह मन्त्रालय को निर्णय बमोजिम हुने गरी बिदा हुने, नेपाल सरकारले आकस्मिक रुपमा बिदाको घोषणा गरे माथि उल्लेखित सेवा ~~यथावत्~~

(हस्ताक्षर)
२०८२/१२/०२

# नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व)

## (टिप्पणी र आदेश)

कार्यकारी निर्देशकको कार्यालय
ने. वि. प्रा.
टिप्पणी
दर्ता नं. १३३३
२०८१।१२।१०

विषय:-

विद्युत गृह, सबस्टेशन, इमर्जेन्सी तथा नोलाइट सेवा सुचारु रहने प्रबन्ध गरी बिदा दिने यसैगरी राजपत्रको खण्ड ७० सार्वजनिक सेवा प्रवाह सम्बन्धी विशेष व्यवस्था अन्तर्गत उल्लेख भएका बिदाका दिनहरू (माथि उल्लेखित) मा प्राधिकरणमा अत्यावश्यक कार्य हुने विद्युत गृह, सबस्टेशन नोलाइट सेवा सुचारु रहने प्रबन्ध गरी बिदा दिने व्यवस्था श्रीमान कार्यकारी निर्देशक ज्यूबाट स्वीकृत हुन मनासिब देखिई निर्णयार्थ पेश गरेको व्यहोरा अनुरोध गर्दछु।

तुलसी प्रसाद सापकोटा
२०८१।१२।०८
तुलसी प्रसाद सापकोटा
नि. निर्देशक
सामान्य सेवा विभाग

श्री कार्यकारी नि.दे.ज्यूमा,

पेश गर्दै आएर बमोजिम आगामी २०८२ सालको सार्वजनिक बिदा एवं कार्यालय समय सम्बन्धमा नेपाल सरकार बाट प्रकाशित मिति २०८१।११।१८ को राजपत्र (खण्ड ६५, संख्या ६६) बमोजिम प्रस्तावित बिदा एवं कार्यालय समय स्वीकृत गरी परिपत्र गर्नु वाञ्छनीय भएकोले आवश्यक निर्णयार्थ पेश गरेको छु।

[illegible]
२०८१।१२।१०

सदर
[signature]
१२।१६

श्री प्रशासन ... [illegible]
परिपत्र गर्नु ...
१२।१६

श्री ... [illegible]
[illegible]

श्री ... पत्र तयार गर्ने
[illegible]
१२।१६

५/६